# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड

केन्द्रीय कार्यालय

सिंहदरवार प्लाजा,काठमाडौं

मिति ०७१।१०।१५

## प्रेस रिलिज्

### राष्ट्रिय वाणिज्य बैंकको स्वर्ण वर्ष भव्य रुपमा मनाईदै
### कतै रक्तदान ,कतै अन्नदान

राष्ट्रिय वाणिज्य बैंक स्थापनाको स्वर्ण वर्ष देशभरि नै विविध सामाजिक कार्यक्रमहरुको आयोजना गरि भव्य रुपमा मनाइंदै गरेका समाचारहरु प्राप्त भईरहेका छन् । यसै क्रममा यस बैंकको शाखा कार्यालय भरतपुरले बैंक उत्सव मनाउन छुटटाइएको खाजा खर्चबाट स्थानीय चेपांग परिवारलाई खाद्यान्न वितरण गरेको छ भने विभिन्न क्षेत्र तथा शाखा कार्यालयहरुमा सरोकारवालाहरुमाझ भेटघाट गरी शुभकामना तथा प्रतिवध्दता साटासाट गरिएको छ । यसैक्रममा बैकद्वारा आयोजित रक्तदान कार्यक्रममा काठमाडौ क्षेत्रबाट १२२,वीरगन्ज क्षेत्रबाट ६९,पोखरा क्षेत्रबाट ८३ ,नेपालगन्ज क्षेत्रबाट ५० ,पोखरा क्षेत्रबाट ५० गरी कुल ३७४ जनाले रक्तदान गरे । सिंहरदरवार प्लाजा स्थित केन्द्रीय कार्यालयमा रक्तदान गर्ने रक्तदातालाई बैंक संचालक समितिका अध्यक्ष डा रेवत बहादुर कार्कीले बैंकको लोगो अंकित टिशर्ट प्रदान गर्नुभएको थियो ।

भवदीय

( मुकुन्द अर्याल )

जन सम्पर्क अधिकृत